नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं ९४६

मितिः२०८३/०६/२२
ने.सं. ११४६

श्री मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै
श्री स्थानीय तह, सबै ।

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सुरक्षा तथा प्रदेश समन्वय शाखाको प.सं.०८३/८४, च.नं.प्रा.स./४२१/२००२, मिति २०८३/०६/२० को पत्रसाथ जेन-जी सम्झौता तथा एकिकृत प्याकेज कार्यन्वयन समन्वय एवं सहजीकरण समितिको मिति २०८३/६/१५ गतेको वैठकले गरेका निर्णयहरु संलग्न भइ आएकोमा उक्त पत्र र निर्णयको छायाँप्रति यसैसाथ संलग्न गरी निर्णयको बुँदा नं ६ मा उल्लेख गरिएको विषय आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौं ।
श्री सूचना प्रविधि शाखाःसबै मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै स्थानीय तहमा ईमेल मार्फत प्रेषित गरी वेवसाईटमा समेत अपलोड गरिदिनुहन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(राष्ट्रिय सुरक्षा तथा प्रदेश समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०८३/८४

च.न.:- प्रा.स./४२१/ 2002

मितिः२०८३/६/२०

ने.स.११४६

श्री गृह मन्त्रालय,
श्री अर्थ मन्त्रालय,
श्री पूर्वाधार विकास मन्त्रालय,
श्री शिक्षा तथा खेलकुद मन्त्रालय,
श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय,
श्री युवा, श्रम तथा रोजगार मन्त्रालय,
श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय,
श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

नेपाल सरकार र जेन-जी आन्दोलनका प्रतिनिधि बीच मिति २०८२/८/२४ मा भएको दश बुँदे सम्झौता तथा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/३/१८ को निर्णयबाट स्वीकृत जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेहरूका लागि समन्वित पुनर्स्थापना, जीवनयापन तथा सामाजिक संरक्षणसम्बन्धी एकीकृत प्याकेजको प्रभावकारी कार्यान्वयनको लागि अन्तरमन्त्रालय/निकाय समन्वय र सहजीकरण गर्न गठित "जेन-जी सम्झौता तथा एकीकृत प्याकेज कार्यान्वयन समन्वय एवं सहजीकरण समिति" को मिति २०८३/६/१५ गते बसेको बैठकले गरेका निर्णयहरूको छाँयाप्रति यसैसाथ संलग्न राखी यथाशीघ्र कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(झविन्द्र प्रसाद पाण्डेय)
शाखा अधिकृत

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

जेन-जी सम्झौता तथा एकीकृत प्याकेज कार्यान्वयन समन्वय एवं सहजीकरण समितिको मिति २०८३-६-१५ को बैठकका निर्णयहरू:

१. नेपाल सरकार र जेन-जी आन्दोलनका प्रतिनिधि बीच मिति २०८२/८/२४ मा भएको सम्झौताबमोजिम घाइते तथा शहिद परिवारका सदस्यहरूको निःशुल्क स्वास्थ्य उपचारसम्बन्धी कार्यविधि पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र तयार गरी कार्यान्वयन गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई अनुरोध गर्ने।

२. जेन-जी आन्दोलनका घाइतेहरूका लागि हवाई भाडामा छुट दिने सम्बन्धमा यस अघि भएको निर्णयको कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गर्ने।

३. जेन-जी आन्दोलनका क्रममा गम्भिर घाइते भएका संजिव सापकोटा, मुकेश प्रसाद अवस्थी, राजेश प्रतेल र एकता शाहको थप उपचार एवम् जीवनयापनलाई सहजता कायम गर्नका लागि नेपाल सरकारबाट थप आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको समन्वयमा आवश्यक प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयलाई अनुरोध गर्ने।

४. जेन्जी आन्दोलनका घाइतेहरूहरूको नियमित उपचार प्रवन्धलाई सहज र सरल गराउने व्यवस्था मिलाउन आवश्यक समन्वयका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई अनुरोध गर्ने।

५. सिंहदरबार स्थित संसद भवन परिसर अगाडि निर्माण गर्न लागिएको जेन-जी शहीदहरूको शालिक निर्माण कार्यलाई तदारुकताका साथ अगाडि बढाउन सम्बद्ध निकाय एवम् पक्षहरूसँग छलफल गर्न पूर्वाधार विकास मन्त्रालयलाई अनुरोध गर्ने।

६. जेन-जी आन्दोलनका घाइते तथा शहिद परिवारको नाममा अनधिकृत व्यक्तिहरूबाट विभिन्न सरकारी निकाय वा संस्थाका पदाधिकारीहरुलाई दबाब तथा धम्की दिने गरेको जस्ता गुनासो आएकोले यस्ता संस्थाहरुमा जेन्जी सहिद परिवार कल्याणकारी समाज र घाइते Gen-Z नेपालका आधिकारिक प्रतिनिधिहरू मार्फत मात्र सम्पर्क समन्वय गर्ने व्यवस्था मिलाउने साथै अनधिकृत व्यक्ति पहिचान गरी त्यस्ता गतिविधिलाई निरूत्साहित गर्न जेन्जी सहिद परिवार कल्याणकारी समाज र घाइते Gen-Z नेपालले आवश्यक समन्वय गर्ने।

७. जेन-जी आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच मिति २०८२/८/२४ मा भएको सम्झौताबमोजिम जेन-जी परिषद् गठन गर्ने प्रक्रिया १ महिनाभित्र टुङ्ग्याउन सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्ने।